**कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/२८/२०७९/०८०**

<u>निर्णय नं.(१)</u>

प्रस्ताव नं.१ माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको आ.व.०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम र वजेट प्रस्तुत गर्नको लागि यहि मिति २०८०।०३।१० गते आइतबार चौधौं गाउँसभा बोलाउने भनि सर्वसम्मतबाट निर्णय पारित गरियो।

<u>निर्णय नं.(२)</u>

प्रस्ताव नं.२ माथि छलफल गर्दा कोशी प्रदेशले जारी गरेको "स्थानीय सेवा(गठन तथा संचालन) अध्यादेश २०८०"को दफा १५४ तथा कानेपोखरी गाउँपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने)ऐन २०७७ को दफा ४ को उपदफा(१)ले दिएको अधिकार प्रयोग गरि "कानेपोखरी गाउँपालिकाको कर्मचारी तहवृद्धि सम्वन्धी कार्यविधी,२०८०" सर्वसम्मतबाट पारित गरियो।

<u>निर्णय नं.(३)</u>

प्रस्ताव नं.३ माथि छलफल गर्दा चालु आ.व.२०७९।८० को वार्षिक कार्यक्रममा रहेका योजना तथा कार्यक्रमहरुलाई अब सम्झौता नगर्ने।

<u>निर्णय नं.(४)</u>

प्रस्ताव नं.४ माथि छलफल गर्दा गाउँपालिकाको कार्यदिश बमोजिम गाउँपालिकाका सूचना प्रविधि शाखाका अधिकृत श्री अलङ गुरुङलाई गाउँपालिकाको वार्ड नं.७ स्थित कानेपोखरी बजारमा सार्वजनिक सुरक्षाको लागि सि.सि.टि.भि.क्यामेरा जडान गर्ने जिम्मा दिइएकोमा निजले कानेपोखरी गाउँपालिका वार्ड नं.५ बस्ने पूर्णकुमार तामाङ्गलाई ज्यालादारीमा लगाई उक्त सि.सि.टि.भि क्यामेरा जडान कार्य गरिरहेको अवस्थामा मिति २०८०।०२।१९ गते अचानक बिजुलीको करेन्ट लागेर सक्त घाईते भई विराटनगर अवस्थित विराट नर्सिङ्ग होममा उपचार गराउने क्रममा मृत्यू भएको र मृतकको उपचारको क्रममा लागेको सम्पूर्ण रकम निज अलङ गुरुङले नै भुक्तानी गरेको हुँदा उपचारको क्रममा अस्पतालमा लागेको खर्च रु.३,३०,०००।-(तिन लाख तिस हजार) तत्काल अलङ गुरुङलाई भुक्तानी गर्ने निर्णय गरियो।

<u>निर्णय नं.(५)</u>

प्रस्ताव नं.(५) माथि छलफल गर्दा देहाय बमोजिमको निर्णय सर्वसम्मतबाट पारित गरियो ।

१. गाउँ सभा व्यवस्थापन खर्चको लागी विनियोजन भएको रु.४०००००।- रकम हाल खर्च भैसकेको कारण आउँदो सभा संचालन खर्च सरसफाई सेवा शुल्क शिर्षकबाट रकमान्तर गरि व्यवस्थापन गर्ने।
२. वार्ड नं.५ को वनमाइला चोकको चौतर्फी जाने मुख्य कल्भर्ट मर्मत कार्यको लागि रु.२,५०,०००।-
३. वार्ड नं.२ बस्ने पम्फा माया भण्डारीको घर आगलागी भएको हुँदा निजलाई रु.१०००००।-आर्थिक सहायता दिने।

**मिति २०८०।०२।३२ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको प्रस्ताव, उपस्थिति र निर्णय**

राजमती इङ्नाम
अध्यक्ष

**कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/२८/२०७९/०८०**

४. कानेपोखरी गाउँपालिकाको नाममा रहेको तपसिल बमोजिमको सवारी साधन तपसिल बमोजिमको फर्ममा मर्मत भई भूक्तानीको लागि माग भएको हुँदा सम्बन्धित फर्मलाई भुक्तान गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

५. गाउँपालिकाको नाममा रहेको तपसिल वमोजिमको सवारी साधन तपसिल वमोजिमको फर्ममा मर्मत गर्दा लागेको खर्च भुक्तान गर्ने निर्णय गरियो ।

| क्र.सं. | सवारी साधन | मर्मत गर्ने फर्म | रकम | विजक नं. |
|---|---|---|---|---|
| १ | वुलेरो (को १ झ ५५७) | सुगम ट्रेडर्स | ३३५६१ | २३९ |
| २ | वुलेरो (को १ झ ५५७) | आशिष सर्भिसिङ्ग सेन्टर | २९३८ | ८७० |
| ३ | वुलेरो (को १ झ ५५७) | सरु सर्भिसिङ्ग सेन्टर | ४०२७७ | ५५८ |
| ४ | वुलेरो (को १ झ ५५७) | सरु सर्भिसिङ्ग सेन्टर | १९४३६ | ५५९ |

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।